Samaj Anweshan Vol. 3, No. 2 : 18 Oct.2025-13 Apr. 2026
DOI : https://doi.org/10.3126/anweshan.v3i2.87544
Research Article
ISSN: 3021-9035 Print

# नेपालको राजनीतिमा दलित महिलाको सहभागिता

**परशुराम रम्तेल**
*ramtelparshuram@gmail.com*

## लेखसार

राजनीतिले समाजको हरेक क्षेत्रमा दिशानिर्देश गर्ने काम गर्दछ। सबै नीतिहरूको पनि प्रमुख नीतिको रूपमा राजनीतिलाई लिने गरिन्छ। राजनीतिक गतिविधिको चर्चा गर्दा राजनीतिक दलले समाज रूपान्तरणमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ। समाजमा भएका विभिन्न वर्ग तथा समुदायको राजनीतिक, आर्थिक र सामाजिक–सांस्कृतिक अधिकारहरूको संरक्षण गर्ने, उपभोग गर्ने, सहभागिताको सुनिश्चितता गर्ने आदि सवालहरूमा पनि राजनीतिक दलहरूकै नीति र भूमिका अहम् महत्त्वको हुने गर्दछ। सहभागिता भन्ने विषय निकै वृहत् छ। समाजमा भएका विभिन्न वर्ग, जातजाति, समुदाय, क्षेत्र र लिङ्गका जनवर्गहरूलाई समाज तथा राज्यबाट विगतमा आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, रोजगारीलगायत सामाजिक जीवनका समग्र क्षेत्रबाट पछाडि पारिएका सन्दर्भमा यी समुदायलाई संवैधानिक र कानुनी रूपमा विशेष प्रावधानको व्यवस्था गरी राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्ने नीति र सिद्धान्तलाई समावेशीकरणको सिद्धान्त भनिन्छ। यही सिद्धान्तले उत्पीडित समुदायलाई समाज तथा राज्यमा सहभागिता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ। नेपाली समाजमा दलित समुदायलाई सामन्तवादी सोच चिन्तन र संस्कृति तथा राज्यको असमावेशी नीतिका कारणले गर्दा हरेक क्षेत्रमा दलित समुदायको उपस्थिति र सहभागिता कमजोर हुन गएको देखिन्छ। त्यसको साथसाथै राज्य र राजनीतिक दलहरूको मात्रै नभएर दलित समुदायमा रहेको सङ्कुचित मानसिकता, सचेतनामा कमी र पारिवारिक तथा सामाजिक संरचना र परिवेशको नकारात्मक भूमिकाको कारणले गर्दा दलितभित्रका पनि दलित महिलाको सहभागिता निकै नै कमजोर छ। यस लेखमा नेपालको राजनीतिमा दलित महिलाको अवस्था विश्लेषण, सहभागिता कमजोर हुनुका कारक तत्त्वहरूको खोजी, संवैधानिक र कानुनी व्यवस्थाको अध्ययन, कानुन र नीति निर्माण तथा कार्यान्वयनको मुख्य केन्द्रीय निकायहरू व्यवस्थापिका र कार्यपालिकामा दलित महिला सहभागिताको तुलनात्मक अध्ययन र विश्लेषण तथा दलित महिलाको राजनीतिक सहभागिता वृद्धिका लागि के कस्ता उपायहरू अवलम्बन गर्न सकिएला आदि विषयमा अध्ययन, अनुसन्धान र विमर्श गर्न खोजिएको छ।

## शब्दकुञ्जी

लैङ्गिक समानता, राजनीतिक सशक्तिकरण, समानुपातिक प्रतिनिधित्व, नीति निर्माण

## विषय प्रवेश

नेपालको राजनीतिक आन्दोलनमा महिलाहरूको सहभागिता उल्लेखनीय रहँदै आएको छ। नेपाली समाजमा विगत सदियौँदेखि चुलाचौका, घरायसी काम, घाँसदाउरा तथा सन्तान उत्पादन र स्याहारसुसारमा सीमित गरिएको महिलाको भूमिकालाई राजनीतिक चेतना तथा जागरणले महिला आन्दोलनमा रूपान्तरण गरिदियो। मुलुकमा विभिन्न समयमा हुने गरेको राजनीतिक आन्दोलन, युद्ध र सङ्घर्षले महिलाको चेतना, जागरण र अधिकारलाई ह्वात्तै विकास

गरिदिएको देखिन्छ। मानव जीवनको राजनीतिक क्षेत्रलाई क्रमबद्ध ढङ्गले अध्ययन गरिने विज्ञानलाई सामान्यतः राजनीतिशास्त्र भनिन्छ। यसले राजनीतिक प्रणाली तथा पद्धतिलाई सूक्ष्म ढङ्गले अध्ययन गर्छ। सामान्यतः राजनीतिलाई विवाद समाधान गर्ने एउटा महत्त्वपूर्ण प्रक्रियाको रूपमा पनि लिने गरिन्छ। राजनीतिशास्त्र एउटा यस्तो विधा हो, जसले राज्यसँग सम्बन्धित विषयको अध्ययन गर्ने गर्दछ (पोखरेल, २०५३)। नेपाली समाजमा दलित समुदायमाथिको विभेद, अपमान र बहिष्करण हुँदै आएको छ। यसको ज्वलन्त उदाहरण आजको एक्काइसौँ शताब्दीमा पनि दलितमाथि विभिन्न खालका विभेदजन्य घटनाहरूलाई लिन सकिन्छ। राज्यका विभिन्न निकायहरूमा दलित समुदायको प्रतिनिधित्व पनि असाध्यै न्यून नै रहने गरेको छ। सामाजिक असमानता र विभेदको अन्तरसम्बन्धका बारे कार्ल मार्क्स भन्छन्– सामाजिक असमानताका विभिन्न स्वरूपमध्ये लैङ्गिक असमानतामा आर्थिक तत्त्वले प्रभाव पार्छ (आचार्य, २०७४, पृ. २५५)।

हाम्रो समाजमा पनि आर्थिक असमानता र सांस्कृतिक विभेदको कारणले गर्दा दलित महिलाको सहभागिताको अवस्था सबै क्षेत्रमा निकै कमजोर रहेको देखिन्छ। जनताले राजनीतिक प्रणालीप्रति सचेत भएर आफ्नो समुदायको अधिकारका पक्षमा सक्रियतापूर्वक सहभागी भई अधिकार प्रयोग गर्ने प्रक्रियालाई राजनीतिक सहभागिता भनिन्छ। माइरन विनरको विचारमा आफ्नो नेता रोज्ने र सार्वजनिक नीतिको निर्माण र सञ्चालनमा प्रभाव पार्ने नागरिकहरूको सङ्गठित प्रयासलाई राजनीतिक सहभागिता भन्छन् (विनर, १९६६)। नेपाली समाज र राज्यका सम्पूर्ण क्षेत्रमा दलितको उपस्थिति कमजोर रहँदै आएको छ भने दलित महिलाको अवस्था त झन् दयनीय नै रहेको देखिन्छ। नेपालको संविधानले सबै समुदायलाई समानता र समानुपातिक समावेशिताको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरेको छ तर अझै पनि राज्यका विभिन्न संरचनाहरूमा दलित महिलाको सहभागिता न्यून नै रहने गरेको छ।

नेपाली समाजमा दलित महिलाहरू वर्गीय, लिङ्गीय र जातीय गरी तेहेरो शोषणमा पर्दै आएका छन्। महिलाभित्र पनि दलित महिलाको समग्र अवस्था दयनीय रहन गएको देखिन्छ। नेपालको संविधानको धारा ४० मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ। यसको उपधारा ७ मा दलित समुदायभित्रका पनि दलित महिला, पुरुष तथा सबै सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा अधिकार प्राप्ति हुने व्यवस्था गरिएको छ (नेपालको संविधान, २०७२)। दलित महिलाको अधिकार संवैधानिक रूपमा सुनिश्चित गरिए पनि व्यवहारमा भने यो समुदायमाथिको उत्पीडन, असमानता र असहभागिता अझै पनि न्यून रहेको देखिन्छ। सामाजिक मर्यादा, शैक्षिक अवस्था र राजनीतिक सहभागिताको क्षेत्रमा केही सुधार आए पनि आर्थिक विकासको क्षेत्रमा भने खासै परिवर्तन आउन सकेको देखिँदैन।

## *अध्ययनको उद्देश्य र विधि*

दलित समुदायमाथि वर्णाश्रम व्यवस्थाद्वारा धर्म र परम्पराको नाउँमा विभिन्न खाले छुवाछुत र जातीय विभेद तथा राजनीतिक बहिष्करण हुँदै आएको छ। राजनीतिक दलहरूले समाजमा रहेका सबै खाले समस्याहरूलाई हल गर्ने लक्ष्य र उद्देश्य लिएर आफ्ना कार्यहरू अघि बढाउने हुनाले समाजको सबैभन्दा पिँधमा पारिएका दलित महिलाको हकअधिकार तथा सहभागिताको सवालमा राजनीतिक दलहरूले विशेष नीतिको अवलम्बन गरेर हल गर्नुपर्ने देखिन्छ। किनकि समाजलाई राम्रोसँग बुझेर सही नीति र विधिको विकास गर्ने काम पनि राजनीतिक दलमार्फत जनताद्वारा चुनिएका जनप्रतिनिधिहरूले नै शासनमार्फत गर्ने गर्दछन्। त्यसकारण दलित महिलाका मुद्दाहरूलाई सबैभन्दा पहिला राजनीतिक पार्टीले सही तथा वस्तुवादी ढङ्गले बुझ्नुपर्दछ।

दलित महिलाको अवस्था राजनीतिक, आर्थिक, सामाजिक–सांस्कृतिक, शिक्षा, स्वास्थ्य, रोजगारीसहित सबै क्षेत्रमा सहभागिता निकै नै कमजोर हुन पुगेको देखिन्छ। यसै सन्दर्भमा नेपालको राजनीतिमा दलित महिलाको अधिकार र सहभागिताको अवस्थाका कस्तो रहेको छ ?

राज्यका महत्त्वपूर्ण निकाय कार्यपालिका र व्यवस्थापिकामा दलित महिलाको प्रतिनिधित्व कस्तो रहेको छ? सहभागितामा प्रभाव पार्ने कारणहरू केके रहेका छन् ?, राज्यका संरचना र राजनीतिक दलभित्र दलित महिलाको सहभागिता वृद्धि गर्ने उपायहरूको खोजी गर्नु यस अनुसन्धनात्मक लेखको मुख्य उद्देश्यहरू रहेका छन्। यसमा विषयसँग सम्बन्धित विभिन्न पुस्तक, लेख, रचना, प्रतिवेदनलाई द्वितीयक तथ्याङ्क स्रोतको रूपमा सङ्कलन गरी अध्ययन विधिको रूपमा लिने प्रयत्न गरिएको छ। यस अध्ययनको ढाँचा विषयवस्तु विश्लेषण (Content Analysis) गर्ने गुणात्मक अध्ययन विधिको आधारमा अध्ययन गरिएको छ। साथै यसमा विवरणात्मक तथा विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ। अध्ययनलाई प्रभावकारी र उद्देश्यमूलक बनाउनको लागि सङ्घीय संसद्, कार्यपालिका र स्थानीय तहमा २०७९ सालमा निर्वाचित दलित जनप्रतिनिधिहरूको प्रतिनिधित्वको तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ। सङ्घीय संसद् र स्थानीय तहमा पछिल्लो निर्वाचन परिणाममा दलित महिलाको सहभागिताको मात्रै विश्लेषण गर्नु अध्ययनको सीमा रहेको छ।

## *सैद्धान्तिक अवधारणा र दलित सहभागिताको अभ्यास*

नेपालमा दलित समुदायको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिकलगायत समग्र पक्ष र क्षेत्र बलियो देखिँदैन। राज्यसत्ताको यो समुदायप्रतिको विभेदकारी सामन्तवादी सोच तथा परम्परावादी हैकमवादका कारण सदियौँदेखि उत्पीडन, गरिबी तथा पछौटेपनका कारणले राज्यसत्ताबाट अलग र अधिकारविहीन वर्ग समुदायमा रहन बाध्य तथा विवश बनाइएको थियो। दलित समुदाय राज्यको उत्पादनसँग सदैव र अनिवार्य रूपमा जोडिने तर उत्पादनमा हकअधिकार भने नहुने हुनुको कारणले गर्दा यो समुदाय हरेक क्षेत्रमा कमजोर हुन पुगेको हो। यो वर्ग मानव इतिहासका सबैभन्दा पीडित वर्ग समुदाय भनेको दलित समुदाय नै हुन्।

प्राचीन नेपालदेखि आधुनिक नेपाल हुँदै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा विभिन्न समयमा भएका सबै राजनीतिक आन्दोलन, युद्ध र सङ्घर्षहरूमा दलित समुदायले महत्त्वपूर्ण योगदान तथा भूमिका खेल्दै आएका छन्। व्यवस्था परिवर्तन भयो। तर दलितका घरपरिवार र समाजमा उज्यालो तथा खुसी आउनै सकेन। दलित समुदायभित्रका पनि दलित महिलाको सहभागितासम्बन्धी खोज, अध्ययन र अनुसन्धानका लागि थुप्रै सिद्धान्तहरूसँग जोडेर अध्ययन गर्न सकिन्छ। तर यो अध्ययनमा समानुपातिक समावेशिता र सामाजिक न्यायको सिद्धान्त जोडेर पूर्वकार्यको समीक्षा तथा विश्लेषण गर्न खोजिएको छ।

कुनै व्यक्ति, समूह वा समुदायलाई सामाजिक रूपमा गरिने क्रियाकलापमा रोक लगाउनु, सहभागी नगराउनु, समाजमा उसले उपभोग गर्न पाउने नैसर्गिक अधिकारबाट वञ्चितीकरण गर्नुलाई सामाजिक न्याय विरुद्ध मानिन्छ। स्वतन्त्र र सरल ढङ्गले कुनै पनि गतिविधिमा अरू व्यक्ति वा समुदाय सरह समान हिसाबले सहभागी हुन नदिई विभिन्न खाले विभेद गरिनुलाई सामाजिक वञ्चितीकरण भनिन्छ। यसरी समाजमा विभिन्न रूपमा बहिष्करणमा पारिएका व्यक्ति अथवा समुदायलाई उचित ढङ्गले हरेक क्षेत्रमा सहभागिता गराउनुलाई सामाजिक समावेशीकरण भनिन्छ। जोन रावल्सको विचारमा सबै नागरिकको समान अधिकार र कर्तव्यको प्रत्याभूति गर्ने, लाभ तथा सामाजिक सहयोगको बोझ समान र न्यायोचित वितरण गर्ने प्रक्रिया नै सामाजिक न्याय हो (थपलिया, २०८०, पृ. १)।

सामाजिक न्याय र समावेशीकरण पछिल्लो चरणमा विकास भएको सिद्धान्त हो। यो समाजमा पछाडि पारिएका वर्ग तथा समुदायलाई अगाडि बढाउने सिद्धान्त हो। यसले राज्यसत्ताका सबै निकाय र संरचनाहरूमा पछाडि पारिएका वा परेका वर्ग र समुदायलाई सहभागिता गराउनको लागि बल पुऱ्याउँदछ। नेपाली समाजमा दलित महिला सबै हिसाबले पछाडि पर्दै र पारिँदै आएको हुनाले यो सिद्धान्तको सान्दर्भिकता झन् बढेको देखिन्छ। समाजमा जुन समुदायको जति जनसङ्ख्या छ, त्यति नै प्रतिशत त्यो समुदायलाई राज्यका सबै निकायमा सहभागिता गराउने सिद्धान्तलाई समानुपातिक सहभागिताको सिद्धान्त भनिन्छ। सम्बन्धित

समूह वा समुदायको जनसङ्ख्याको अनुपातमा स्रोतसाधन, अवसर तथा सेवाहरूको बराबरी भागबण्डाको नीति नै समानुपातिक सहभागिताको सिद्धान्त हो (किसान, २०७३, पृ.२४५)। दलित र महिलाको सर्वाङ्गीण विकासका लागि यो सिद्धान्त निकै उपयोगी हुने देखिन्छ।

## *नेपाली राजनीतिमा महिला सहभागिताको अवस्था*

महिलावादी आन्दोलनको मुख्य लक्ष्य समानतामा आधारित मानव मर्यादा र प्रगतिशील समाज निर्माण हो। औद्योगिक मुलुकमा महिलावादी आन्दोलन उन्नाइसौँ शताब्दीको मध्यबाट सुरु भएको पाइन्छ। त्यतिबेलादेखि नै सामाजिक जीवनका सबै क्षेत्रमा लैङ्गिक समानताको मुद्दालाई जोड दिन थालियो (च्याम्प्टन, २०१५)। नेपालमा महिला आन्दोलनको सुरुवात योगमाया न्यौपानेबाट भएको पाइन्छ । समाजमा रहेका विभेदकारी तथा अन्यायपूर्ण मूल्यमान्यता विरुद्ध मात्रै नभएर राणाशासनले जनतामाथि गरेको अन्याय विरुद्धसमेत योगमायाले अभियान थाल्नुभयो (पाण्डे, २०७६)। महिला आन्दोलन पितृसत्तात्मक प्रणालीका विरुद्ध सामूहिक र सङ्गठित पहलको रूपमा पनि हो । नेपालमा २०४६ सालको जनआन्दोलनमा महिलाहरूको सहभागिता उच्च रहन गयो, जसका कारणले राज्यका तहबाट महिलाहरू सार्वजनिक क्षेत्रमा आउन ढोका खोलिदियो। २०६२/६३ सालको दोस्रो जनआन्दोलनसम्म आइपुग्दा नेपाली महिलाहरूको दृष्टिकोण र व्यवहार दुवैमा परिवर्तनको मागसहित कानुनी अधिकार प्राप्तिमा सफलता प्राप्त गर्न पुगे (पाण्डे, २०७६)। नेपालको सबैजसो राजनीतिक आन्दोलन, युद्ध र सबै खाले सङ्घर्षमा नेपाली महिला आन्दोलनले निकै महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ। नेपालको संविधानको धारा ३८ मा महिलाको हकअन्तर्गत राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ। त्यसैगरी महिलालाई वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजननसम्बन्धी हक, सम्पत्ति र पारिवारिक मामिलामा दम्पत्तिको समान हक आदिको व्यवस्था हुने प्रावधानको उल्लेख गरिएको छ (नेपालको संविधान, २०७२) । त्यसैगरी महिलालाई समानुपातिक सहभागिताको सुनिश्चिततासहित हाललाई राज्यका सबै क्षेत्रमा ३३% अनिवार्य सहभागिताको कानुनी व्यवस्था हुनु आफैँमा निकै सकारात्मक छ। महिलाभित्र दलित महिलाको अधिकारको सवालमा कानुनी व्यवस्था गर्दा राज्यका सबै निकाय, अङ्ग र क्षेत्रहरूमा तथा सामाजिक जीवनका सबै क्षेत्रहरूमा पनि दलित महिलाको जनसङ्ख्याको अनुपातमा सहभागिताको सुनिश्चित हुने व्यवस्था गरिनुपर्दछ।

## *दलित तथा लैङ्गिक सहभागितासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था*

संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबिचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावको संरक्षण तथा प्रवर्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। त्यस्तै संविधानको भाग ४ अन्तर्गतको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वमा कानुनको शासन, मौलिक हक र मानव अधिकारका मूल्यमान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्था स्थापना गरिने विषयको व्यवस्था गरिएको छ।

संविधानको धारा ८४ को उपधारा २ मा समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट

बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुने कुरा उल्लेख गरिएको छ । यसरी संविधानमा नै विगत लामो समयदेखि शासनसत्ताका विभिन्न निकाय र क्षेत्रमा पछाडि पारिएका आठोटा क्लस्टरका उत्पीडित समुदायलाई राज्यको मूल प्रवाहमा ल्याउनको लागि समानुपातिक सहभागिताको सिद्धान्तअनुरूप जनसङ्ख्याको आधारमा समावेश गर्नुपर्ने बाध्यकारी व्यवस्था गरिएको छ।

धारा ८४ को उपधारा ८ मा यस भागमा अन्यत्र जुनसुकै लेखिएको भए पनि सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ। त्यसरी निर्वाचित गर्दा उपधारा (१) को खण्ड (क) र धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम निर्वाचित सदस्यहरूमध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले उपधारा (१) को खण्ड (ख) बमोजिम सदस्य निर्वाचित गर्दा आफ्नो दलबाट सङ्घीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नुपर्ने प्रावधान छ। महिलाभित्र पनि सबै समुदाय वा क्लस्टरका महिलाको समानुपातिक सहभागिताको व्यवस्था हुने प्रावधानले प्रतिनिधिसभामा दलित महिलाको सुनिश्चितता गरेको छ । तर राष्ट्रिय सभामा सातोटा प्रदेशबाट एक/एक जना दलित अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था गरिए पनि त्यसभित्र दलित महिलालाई प्रतिनिधित्व गर्ने बाध्यकारी कानुनी व्यवस्था नहुँदा हालसम्म एक जना पनि दलित महिलाको प्रतिनिधित्व हुन सकिरहेको छैन ।

संविधानमा राजनीतिक दलसम्बन्धी व्यवस्थाअन्तर्गत संविधानको भाग २९ को राजनीतिक दलसम्बन्धी व्यवस्थाको धारा २६९ को उपधारा ४ को ग मा दलको विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधता प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको हुनुपर्ने उल्लेख गरेको छ। संविधानमा भएका यी व्यवस्थाहरूलाई मुख्यतः निर्वाचनसम्बन्धी ऐन तथा समावेशितासम्बन्धी अन्य ऐनकानुनको निर्माण गर्ने तथा भएका ऐनकानुनमा संशोधनको आवश्यकता देखिन्छ।

संविधानमा समानुपातिक समावेशिताको सिद्धान्तको व्यवस्था भए तापनि संविधानले निर्दिष्ट गरेको स्थानीय तहको व्यवस्थापिकाअन्तर्गत गाउँ सभा र नगर सभा रहने व्यवस्था छ। दलित वा अल्पसङ्ख्यकबाट गाउँ कार्यपालिकाको सदस्यमा दुई जना गाउँ सभाबाट र नगर कार्यपालिकाको सदस्यमा तीन जना नगर सभाबाट निर्वाचित हुनुपर्ने व्यवस्था छ (नेपालको संविधान, २०७२, भाग १७)। स्थानीय तहमा पनि दलित समुदायको अनिवार्य प्रतिनिधित्वको संवैधानिक र कानुनी व्यवस्था हुनुले पनि दलित प्रतिनिधित्वको सुनिश्चितता हुनु धेरै महत्त्वपूर्ण व्यवस्था हो ।

### *दलित महिलाको राजनीतिक सहभागिताको अभ्यास*

नेपाली समाज विकासको क्रमसँगै इतिहासको एउटा कालखण्डमा वर्णाश्रम राज्यसत्ताको विभेदकारी र दमनकारी नीतिअनुरूप दलित समुदायको पनि जन्म हुन पुगेको देखिन्छ । नेपालमा मुख्यतः लिच्छवी कालमा ब्राह्मणवादले आफूलाई विकास गर्ने क्रममा जातपात छुवाछुत प्रथामा व्यापकता आएको हो। वर्णाश्रम व्यवस्थाको सबैभन्दा विकृत र भद्दा प्रथाको रूपमा छुवाछुत प्रथालाई अवलम्बन गरियो, जसको नकारात्मक प्रभाव आजको विज्ञान र प्रविधियुक्त २१ औं शताब्दीमा पनि व्याप्त छ, दलित समुदायले आत्मस्वाभिमानपूर्वकको जीवन बाँच्न पाइरहेको छैन। नेपाली समाजको सबैभन्दा पिँधमा दलितहरू छन् र दलितभित्रका पनि मधेसी दलित र दलित महिला अझ बढी उत्पीडनमा पर्दै आएका छन्। समाजमा विद्यमान जातीय भेदभाव तथा छुवाछुत, लैङ्गिक हिंसा, वर्गीय उत्पीडनलगायत सबै क्षेत्र, जातजाति तथा लिङ्गले दलित महिलामाथि भेदभाव गर्दै आएको अवस्था छ (सोव, २०८२: समावेशी सवाल) । महिलामाथिको उत्पीडन र अधिकारको सवाललाई सँगसँगै जोड्दा दलित महिलाको तुलनामा अन्य समुदायको महिलाले छुवाछुत र जातीय विभेद भोग्नु पर्दैन।

राजनीतिमा दलित महिलाको सहभागिताको सवालमा योगमाया न्यौपानेले थालनी गरेको महिला आन्दोलनमा दलित महिलाको पनि सहभागिता रहेको ऐतिहासिक तथ्य भेटिन्छ । १९९८ सालमा ६७ जना अनुयायीलगायत योगमायाको नेतृत्वमा अरुण नदीमा जलसमाधि लिँदा काइली दमिनी तथा जुठी दमिनी पनि सहभागी थिए (तिम्सिना, २०६३)। १९९७ सालमा सिंहदरबारमा कुचीकारमा जागिरे राममाया च्यामिनीले तत्कालीन राणा सरकारका विरुद्ध आन्दोलन गरेका दशरथ चन्द, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, गणेशमान सिंहहरूलाई बन्दीगृहमा सूचना आदान–प्रदानको भूमिका निर्वाह गरेकी थिइन् (सोव, २०८२) । त्यसैगरी भोजपुरकी लालकुमारी वि.क.(ठुली कमिनी) ले पनि विभेद विरुद्ध अभियान चलाएको, पशुपति मन्दिरमा २०११ सालको मन्दिर प्रवेश कार्यक्रममा पनि ठुलै सङ्ख्यामा महिलाहरूको सहभागिता रहेको थियो । २०१२ सालमा मिठाइदेवी कपाली (विक) को नेतृत्वमा दलित महिला सङ्गठन परिगणित नारी सङ्घ खोलेर सङ्घर्षलाई अघि बढाइएको थियो (विश्वकर्मा, २०६३)। नेकपा (माओवादी) को नेतृत्वमा २०५२ सालबाट सञ्चालित दश वर्षे सशस्त्र जनयुद्धमा पहिचान, प्रतिनिधित्व र राज्यसत्तामा विशेषाधिकारसहितको दलित सहभागिताको मुद्दालाई स्थापित भयो। यस युद्धको क्रममा दलित समुदायको तर्फबाट ११५० जना दलितले सहादत प्राप्त गरे। त्यसमा झण्डै ४०% दलित महिलाको सहभागिता रहेको छ। जनयुद्धले दलित, महिला, आदिवासी जनजातिलगायतका उत्पीडित समुदायमा व्यापक रूपमा राजनीतिक चेतना र जागरण पैदा गरिदियो (परियार, २०७०)। त्यसैगरी विभिन्न आन्दोलनहरूमा पनि दलित समुदायको बलिदानी भएको छ। देशमा भएका सबै खाले सङ्घर्ष, युद्ध र जनआन्दोलनको कुल योगबाट संविधानसभाबाट संविधान निर्माण भयो र दलित समुदायका संवैधानिक अधिकारहरू प्राप्त भएका हुन्। संविधानमा दलित अधिकार लिपिबद्ध गरिए पनि अन्ततः व्यवहारमा जाँदा कानुन नै बन्न सकेका छैनन्। अरू समुदायको तुलनामा दलित महिलाको अवस्था अझै पनि दयनीय नै छ। पहाडका दलित महिलाको तुलनामा मधेसका दलित महिलाको समग्र अवस्था झन् कमजोर रहेको देखिन्छ। विगतको तुलनामा राज्यसत्ताका मुख्य क्षेत्रहरू राजनीतिक सहभागिताको क्षेत्र, शिक्षा र कर्मचारीतन्त्रमा केही सुधार भए पनि सामाजिक क्षेत्रमा भने अझै कहाली लाग्दो अवस्था विद्यमान छ। राज्यले संवैधानिक रूपमा व्यवस्था गरिएको दलित अधिकारलाई कानुन निर्माण गरी प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु आजको मुख्य चुनौती रहेको देखिन्छ।

## *संसद्मा दलित महिला सहभागिता*

नेपालको राजनीतिक इतिहासमा दलित समुदायको प्रतिनिधित्व पञ्चायतकालबाट प्रारम्भ भएको हो । यस कालमा २०१९ सालदेखि २०४७ सालसम्म धनमानसिंह परियार (दोलखा), हरकुमार सिंह (मोरङ), हीरालाल विश्वकर्मा (धरान), टिआर विश्वकर्मा (धरान) र टेकबहादुर विश्वकर्मा (पर्वत) गरी ५ जना दलितलाई राजाद्वारा राष्ट्रिय पञ्चायत सदस्यमा मनोनित गरियो (दर्नाल, २०७९) । पञ्चायतकालमा राजाद्वारा दलितसम्बन्धी स्पष्ट नीतिको तय नगरे पनि दलित प्रतिनिधित्व छ है भनेर देखाउनको लागि दलित नेताहरूलाई त्यतिबेलाको संसद राष्ट्रिय पञ्चायतमा सहभागिता गराइएको देखिन्छ । राजा महेन्द्रले २०१५ सालमा सहर्षनाथ कपालीलाई राष्ट्रिय सभामा मनोनित गरेका थिए। तर पञ्चायत अवधिभर एक जना पनि दलित महिलालाई प्रतिनिधित्व गराइएन। त्यतिबेला नै मिठाइदेवी विश्वकर्मा राष्ट्रिय नेताको रूपमा स्थापित भइसकेकी थिइन् । तर दलित महिलालाई कानुन र नीतिनिर्माण गर्ने स्थानमा सहभागिता नै गराइएन । यसबाट त्यति बेलाका राजासहितका अन्य शासकहरूमा पनि धेरै पितृसत्ताको प्रभाव थियो भन्ने कुरा पुष्टि हुन्छ।

नेपालको इतिहासमा पहिलो पटक नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बिच भएको बृहत शान्ति सम्झौतामार्फत जनयुद्धको अन्त्य गर्दै संविधानसभाको निर्वाचनमा जाने सहमतिसँगै गठन भएको अन्तरिम संसद्मा पहिलो पटक दलित महिलाको प्रतिनिधित्व हुन गयो । त्यतिबेलाको दलित प्रतिनिधित्वलाई तालिका नं. १ मा निम्नबमोजिम प्रस्तुत गरिएको छ।

*तालिका नं. १ अन्तरिम संसद २०६३ मा दलित प्रतिनिधित्वको अवस्था*

| राजनीतिक दल | कुल सङ्ख्या | दलित पुरुष | दलित महिला | कुल दलित |
|---|---|---|---|---|
| नेपाली कङ्ग्रेस | ८५ | १ | ० | १ |
| नेकपा (एमाले) | ८२ | २ | १ | ३ |
| नेकपा (माओवादी) | ८३ | ८ | ४ | १२ |
| जनमोर्चा नेपाल | ६ | १ | १ | २ |
| कुल सङ्ख्या (अन्यसहित) | ३३० | १२ | ६ | १८ |

***स्रोतः नेपालको अन्तरिम संविधान, २०६३ को अनुसूचीबाट***

त्यस अन्तरिम संसदमा कुल ३३० जनाको अन्तरिम संसद् गठन गर्ने राष्ट्रिय सहमतिबमोजिम नेपाली कङ्ग्रेसबाट १ जना पुरुष, नेकपा , एमाले) बाट १ महिलासहित ३ जना, माओवादी पार्टीबाट ४ महिलासहित १२ जना र जनमोर्चा नेपालबाट १ महिला र १ पुरुष गरी कुलमा १८ जना दलित समुदायबाट सहभागिता गराइएको थियो। सहभागी १८ जनामध्येमा माओवादी पार्टी भर्खरै जनयुद्धको राप र तापबाट आएको क्रान्तिकारी शक्ति भएकोले १२ जना दलितलाई सहभागी गरायो । नेपालकै इतिहासमा एकै पटक १८ जना दलित प्रतिनिधिहरू र त्यसभित्र पहिलो पटक दलित महिला ६ जनालाई संसद्मा पुऱ्याउनु ऐतिहासिक घटना थियो। यो निकै सकारात्मक पक्ष हो।

***तालिका नं. २ विभिन्न समयमा भएका व्यवस्थापिका (संसद) मा र संविधानसभामा दलित महिलाको सहभागिता***

| निर्वाचन मिति | कुल सदस्य सङ्ख्या | दलित सांसद सङ्ख्या | दलित प्रतिनिधित्वको प्रतिशत | दलित महिला सङ्ख्या |
|---|---|---|---|---|
| २०४८ | २०५ | १ | ०.४८ | ० |
| २०५१ | २०५ | ० | ० | ० |
| २०५६ | २०५ | ० | ० | ० |
| २०६३ | ३३० | १६ | ४.८६ | १८ |
| २०६४ | ६०१ | ५० | ८.३२ | २६ |
| २०७० | ६०१ | ४० | ६.६६ | २१ |
| २०७४ | २७५ | १९ | ६.९१ | १५ |
| २०७९ | २७५ | १६ | ५.८२ | ८ |

***स्रोतः विभिन्न समयमा भएका निर्वाचनसम्बन्धी निर्वाचन आयोगका परिणामहरूबाट***

माथिको तालिकालाई विश्लेषण गर्दा नेपालको संसदीय इतिहासमा पहिलो पटक बाँकेबाट धनमानसिंह परियारले २०४८ सालमा प्रतिनिधिसभामा निर्वाचित भएका थिए। त्यसपछिको २०५१ र २०५६ सालको आम निर्वाचनमा दलित प्रतिनिधि शून्य नै रह्यो । अन्तरिम संसद्को विश्लेषण माथि नै गरिएको छ । पहिलो संविधानसभामा ५० जना दलित प्रतिनिधिमध्ये २६ जना दलित महिलाको सहभागिता थियो। त्यसपछि २०७० दोस्रो संविधानसभामा ४० जनामा २१ जना दलित महिलाको सहभागिता रहेको छ भने २०७४ को निर्वाचनमा १९ जनामध्ये १५ जना र २०७९ मा १६ जना दलितमध्ये ८ जना दलित महिलाको सहभागिता रहेको तथ्याङ्कबाट देखिन्छ। माथिको तथ्याङ्कलाई तुलनात्मक विश्लेषण गर्दा २०६४ मा भएको पहिलो संविधानसभामा दलित र दलित महिलाको सहभागिता अरु निर्वाचनको तुलनामा निकै नै सकारात्मक मान्नुपर्छ। त्यति बेला माओवादी पार्टी निकै क्रान्तिकारी र

दलितमैत्री भएकोले अरू दलहरूले पनि दलितलाई प्राथमिकता क्रममा राखेर प्रतिनिधित्व गराएको देखिन्छ। त्यति बेलाको सहभागितालाई दलित सहभागिताको दृष्टिकोणबाट स्वर्णिम काल नै मान्न सकिन्छ। तर त्यसपछिका निर्वाचन परिणाम विश्लेषण गर्दा दलित सहभागितामा प्रतिगमन हुँदै गएको देखिन्छ। राजनीतिक दल परिवर्तन पक्षधर र क्रान्तिकारी हुँदा दलितमैत्री नीति र विधि लागु गर्ने, तर यथास्थिति तथा प्रतिगमनकारी हुँदा दलित विरोधी नीति लिने गरेको कुरा माथिको तथ्याङ्कले स्पष्ट पारको देखिन्छ।

***तालिका नं. ३ प्रतिनिधिसभा निर्वाचन २०७९ मा प्रत्यक्षतर्फ महिला र दलित महिलाको उम्मेदवारी र विजयी स्थिति***

| क्र.सं. | राजनीतिक दल | कुल उम्मेदवार | कुल महिला उम्मेदवार | दलित महिला उम्मेदवार | विजयी दलित महिला | विजयी महिला सङ्ख्या | उम्मेदवार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली कङ्ग्रेस | ९१ | ५ | ० | ० | १ | ५.५ |
| २ | नेकपा (एमाले) | १४१ | ११ | ० | ० | ४ | ७.८ |
| ३ | नेकपा (माओवादी केन्द्र) | ४६ | ८ | १ | ० | १ | १७.४ |
| ४ | रा.स्व.पार्टी | १३१ | १२ | ० | ० | २ | ९.२ |
| ५ | जनता समाजवादी पार्टी | ७९ | ७ | ० | ० | ० | ८९ |
| ६ | नेकपा (एस) | २० | २ | ० | ० | ० | १० |
| ७ | रा.प्र.पा. | १४० | ८ | ० | ० | ० | ५.७ |
| ८ | कुल विजयी | ६४८ | ५३ | १ | ० | ८ | |

***स्रोतः प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचन परिणामबाट।***

माथिको तालिका नं. ३ मा महिला र दलित महिलाको उम्मेदवार तालिका र विजयी परिणामबारेमा प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचन परिणामलाई विश्लेषण गर्दा जम्मा ७ राजनीतिक दलका कुल ६४८ उम्मेदवारमध्ये कुल महिला ५३ जना उठाइएको छ। त्यसमा दलित महिला जम्मा १ जना नेकपा (माओवादी केन्द्र) बाट उम्मेदवार बनाइएको तर विजयी हुन नसकेको देखिन्छ। कुल महिला उम्मेदवार ५३ जनामध्ये ८ जना (१५ प्रतिशत) विजयी भएका छन्। यो तथ्याङ्कले प्रत्यक्ष निर्वाचनमा महिलाको उम्मेदवारी दिने र विजयी हुने सङ्ख्या र प्रतिशत कमजोर रहेको देखिन्छ। कुल महिला ५३ जनामा दलित महिला १ जना (१.८९ प्रतिशत) मात्रैको उम्मेदवारी हुनु र विजयी शून्य हुनुले राज्यमाथि दलित महिलाको सहभागिताको दृष्टिकोणबाट कानुनी प्रश्न उठेको छ भने राजनीतिक दलहरूमाथि राजनीतिक र नैतिक प्रश्न गम्भीर ढङ्गले उठेको छ। आगामी दिनमा राज्यले प्रत्यक्ष निर्वाचनमा दलित र दलित महिलाको जनसङ्ख्याको अनुपातमा सहभागिताको सुनिश्चितताको लागि कानुनी व्यवस्था गर्नुपर्ने र राजनीतिक दलहरूले पनि यसलाई प्राथमिकता क्रमका  साथ अघि बढाउने नीति र विधिको विकास गरी प्रभावकारी ढङ्गले लागु गर्नुपर्ने देखिन्छ।

## *कार्यपालिकामा दलित महिला प्रतिनिधित्व*

नेपालमा राणाकालदेखि मन्त्रीमण्डल गठन भए पनि निकै लामो समयसम्म दलितलाई मन्त्री बनाइएको थिएन। नेपालको राजनीतिमा इतिहासमा पहिलो पटक राजा महेन्द्रले २०३१ सालमा हीरालाल विश्वकर्मालाई शिक्षा सहायक मन्त्री बनाएका थिए (दर्नाल, २०७३)। अन्तरिम संविधान निर्माण भएर जारी भएपछि २०६३ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको मन्त्रीपरिषद्मा पहिलो पटक दलित समुदायबाट खड्गबहादुर विश्वकर्मा माओवादी पार्टीबाट तथा छविलाल विश्वकर्मा एमालेबाट क्याबिनेट स्तरको मन्त्री बन्ने अवसर प्राप्त गरेका हुन्। त्यसैगरी

इतिहासमा पहिलो पटक २०६६ सालमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) ले कलावती पासवानलाई भौतिक पूर्वाधार र निर्माण सहायकमन्त्री बनायो (रम्तेल, २०८०)। त्यसपछि भने दलित महिलाहरूले राज्यमन्त्री बन्ने अवसर प्राप्त गर्दै आए पनि हालसम्म सङ्घमा क्याबिनेट स्तरको मन्त्री बन्ने अवसर दलित महिलालाई दिइएको छैन। प्रदेश स्तरमा भने मन्त्री बनाउने प्रक्रियाको थालनी हुन थालेको छ। नेपाली समाजको पनि सबैभन्दा पिँधमा पारिएर तेहेरो उत्पीडन बेहोर्दै आएका दलित महिलालाई नेतृत्व स्वीकार्ने, कार्यकारी पदमा पुऱ्याउने, मन्त्रीको जिम्मेवारी दिने र समग्र क्षेत्रमा चौतर्फी विकासको लागि अवसर दिने सवालमा सिङ्गो राज्यसत्ता र राजनीतिक दलहरूमा पनि मनुवादी प्रवृत्तिले नकारात्मक प्रभाव पार्ने गरेको देखिन्छ । राजनीतिक दलहरूले आवधिक निर्वाचनको माध्यमद्वारा जनप्रतिनिधिको हैसियतबाट शासनसत्तामा सहभागिता हुने हुनाले दलहरू दलित समुदायको मुद्दामा गम्भीर नहुँदासम्म दलित महिलाको सहभागितामा कमी नै रहने गर्दछ। राजनीतिक दलहरूले दलितसम्बन्धी नीति तथा समावेशीकरणको सवाललाई साङ्गठनिक संरचनामा समावेश गर्ने सवालमा निकै नै चुकेको देखिन्छ। उनीहरूमा दलित सहभागिता गराउने सन्दर्भमा इच्छाशक्ति नदेखाएर मनुवादी चिन्तन र प्रवृत्ति प्रदर्शन गर्दै आएको देखिन्छ (रम्तेल, २०२३)।

### *स्थानीय तहमा दलित महिलाको प्रतिनिधित्व*

नेपालमा संविधानसभाबाट संविधान जारी भएपछि २०७४ र २०७९ गरी दुई पटक स्थानीय तहको निर्वाचन सम्पन्न भयो। यी दुवै निर्वाचन परिणामलाई दलित महिलाको प्रतिनिधित्व र सहभागिताको दृष्टिकोणबाट स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष र वार्ड अध्यक्ष जस्ता महत्त्वपूर्ण कार्यकारी भूमिकामा भएको उपस्थितिलाई विश्लेषण गर्न आवश्यक छ।

**_तालिका नं. ४ स्थानीय तह निर्वाचन २०७४ मा दलित महिलाको प्रतिनिधित्वको अवस्था_**

| पद | जम्मा सङ्ख्या | कुल दलित सङ्ख्या | दलित महिला सङ्ख्या |
|---|---|---|---|
| प्रमुख | २९३ | ६ | ० |
| उपप्रमुख | २९३ | ११ | १० |
| अध्यक्ष | ४६० | १ | ० |
| उपाध्यक्ष | ४६० | १६ | १५ |
| वडा अध्यक्ष | ६,७४३ | १९७ | ० |
| सदस्य | १३,४८६ | ७९७ | ० |
| दलित महिला सदस्य | ६,७४३ | ६,५६७ | ० |

**_स्रोतः समता नीति पत्र १०, २०७७_**

तालिका नं. ४ लाई विश्लेषण गर्दा इतिहासमा पहिलो पटक दलितहरू ६ जना मेयर पदमा र १ पुरुषसहित १० जना दलित महिलाहरू उपमेयर पदमा निर्वाचित भए। त्यसैगरी १ अध्यक्ष र १६ जना उपाध्यक्ष पदमा दलित पुग्नु त्यसमा पनि १५ जना दलित महिला गाउँपालिकाको उपाध्यक्ष पदमा निर्वाचित हुनु भनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको निकै नै महत्त्वपूर्ण र सकारात्मक पक्ष हो। विगतको तुलनामा सकारात्मक भए पनि फेरि पालिकाको कार्यकारी प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको कुल सङ्ख्याको तुलनामा भने यो फेरी निकै न्यून सङ्ख्या नै हो। कानुनमा सुनिश्चित गरिएको कारणले गर्दा सबै पालिकाको प्रत्येक वडामा एक जना दलित महिलाको सहभागिता अनिवार्य हुनु दलित महिलाको सहभागिताको कोणबाट निकै ठुलो उपलब्धि हो।

**तालिका नं. ५ स्थानीय तह निर्वाचन २०७९ मा दलित महिलाको प्रतिनिधित्वको अवस्था**

| पद | जम्मा सङ्ख्या | कुल दलित सङ्ख्या | दलित महिला सङ्ख्या |
|---|---|---|---|
| प्रमुख | २९३ | ३ | ० |
| उपप्रमुख | २९३ | ८ | ६ |
| अध्यक्ष | ४६० | ६ | ० |
| उपाध्यक्ष | ४६० | ७ | ७ |
| वडा अध्यक्ष | ६,७४३ | १४८ | ३ |
| सदस्य | १३,४८६ | ८८१ | २१७ |
| दलित महिला सदस्य | ६,७४३ | ६६१९ | ० |

**स्रोतः समता नीति पत्र १२, २०७९**

स्थानीय तह निर्वाचन २०७९ मा ३ जना मेयर पदमा पुरुष दलित निर्वाचित भए। उपमेयरमा ८ जनामा ६ जना दलित महिला, अध्यक्षमा ६ जना पुरुष दलित र ७ जना महिला दलित निर्वाचित भएका छन् । त्यसैगरी वडा अध्यक्षमा १४८ दलित मध्ये ३ जना दलित महिला निर्वाचित हुनु विगतको तुलनामा सकारात्मक नै मान्नुपर्दछ । नेपालको राजनीतिमा सङ्घ, प्रदेश र स्थानीय तहमा सिङ्गो दलित समुदाय र दलितभित्रको पनि दलित महिलाको सहभागितामा विस्तारै वृद्धि हुँदै जानु सुखद पक्ष नै हो। यद्यपि अरू समुदायको तुलनामा दलित र दलित महिलाको सहभागिता अझै कमजोर नै रहेको देखिन्छ।

२०७४ सालमा प्रकाशित गरिएको निर्वाचन आयोगको तथ्याङ्कअनुसार जिल्ला समन्वय समितिको प्रमुखमा ७ जना र उपप्रमुखमा ३ जना दलित निर्वाचित भएका छन् (मार्गदर्शन, २०७४)। सङ्घीय गणतन्त्र स्थापनापछि दलित महिलाको सहभागितामा क्रमशः वृद्धि हुँदै गएको छ। स्थानीय तहमा प्रत्येक वडामा एक जना दलित महिलाको अनिवार्य व्यवस्था हुने कानुनी प्रावधानले गर्दा दलित महिलाको नेतृत्व विकास विगतको तुलनामा ह्वात्तै बढेको छ। तर जनप्रतिनिधिहरूमा राजनीतिक तथा सामाजिक चेत र अनुभवको कमीका कारणले गर्दा स्थानीय सत्तामा हस्तक्षेप प्रभावकारी हुन सकिरहेको छैन (फेडो रिपोर्ट, २०७८, पृ.१६)। राज्यसंरचनामा रहेका जिम्मेवार निकाय र व्यक्तिहरू तथा राजनीतिक दलहरूले दलितमैत्री कानुन निर्माण गर्दै त्यसलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गरेर मात्रै दलित महिलाको सहभागितालाई बढोत्तरी गर्न सकिन्छ।

## सहभागिता कमजोर हुनाका कारणहरू

राज्यसंरचनामा दलित सहभागिता कमजोर हुनुमा मुख्यतः दलितमाथिको छुवाछुत र जातीय विभेद अझै रहिरहनु, दलित समुदायको राजनीतिक चेतना, पारिवारिक जटिलता र सङ्कीर्णता, न्यून आर्थिक अवस्था, राजनीतिक सहभागिताको कमजोर स्थिति, विभेदकारी मनोविज्ञानले काम गर्नु, दलित समुदायको समग्र पक्ष कमजोर हुनु, राज्य र राजनीतिक दलको विभेदकारी नीति र व्यवहार कायम रहनु, संविधानमा व्यवस्था गरिएका दलित अधिकार–बमोजिमको कानुन निर्माण नहुनु, बनेका कानुनको पनि प्रभावकारी कार्यान्वयन नहुनु, राज्यका हरेक निकाय र सामाजिक जीवनका समग्र क्षेत्रमा दलित र महिलालाई अनिवार्य सहभागी गर्ने नीति र विधिको व्यवस्था नहुनु, दलित आन्दोलनले पनि धक्कामूलक ढङ्गले राज्यमाथि चुनौती खडा गर्न नसक्नु आदि कारणहरूले गर्दा दलित र दलित महिलाको सहभागिता हरेक क्षेत्रमा कमजोर हुन गएको हो।

## निष्कर्ष

नेपाली समाज विविधतायुक्त समाज हो। यहाँ धेरै

हिसाबले विविधता भए तापनि फेरि विविधताबिचको एकता हाम्रो समाजको मुख्य विशेषता रहँदै आएको छ। समाजको सबैभन्दा पिँधमा पारिएको दलित समुदायको राजनीतिक चेतना, शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता विगतको तुलनामा सकारात्मक ढङ्गले विकासको प्रक्रियाबाट अघि बढिरहेको छ। आजको २१ औँ शताब्दीको विज्ञान र प्रविधियुक्त युगमा पनि दलितमाथिको विभेद र उत्पीडन यो वा त्यो रूपमा कायम हुनु विडम्बनाकै विषय बनेको छ। यस अध्ययनको मुख्य विषय राजनीतिमा दलित महिलाको सहभागिताको अनुसन्धानात्मक अध्ययन गर्नु भएको हुनाले सामन्तवादी समाजबाट विकसित नेपाली समाजमा अझै पनि सामन्तवादी सोच, चिन्तन, प्रवृत्ति र संस्कृति रहनु नै दलित सहभागिता कमजोर हुनुको मुख्य कारक तत्त्व हो। एकातिर समाजमा सामाजिक विभेद र जातीय पूर्वाग्रह अझै कायम छ भने अर्कोतिर राज्यको नीति र व्यवहार पनि दलित र महिलाप्रति विभेदकारी नै हुने गरेको छ। त्यसैगरी दलित समुदायभित्रको न्यून राजनीतिक चेतना, सहभागिताको कमजोर स्तर, पारिवारिक र वातावरणीय प्रतिकूलताले पनि प्रत्यक्ष/परोक्ष रूपमा प्रभाव पारेको देखिन्छ। संविधान र कानुनको पालना पनि ठिक ढङ्गले भइराखेको देखिँदैन। दलित समुदायमा पनि चेतनामा कमी, शिक्षा र स्वास्थ्यमा कमी, आर्थिक अभाव, राजनीतिक चेतना र प्रतिस्पर्धी क्षमतामा कमी आदि रहेका देखिन्छन्। राजनीतिक दलहरूभित्र शक्ति र पहुँचमा असमानताको ठुलो खाडल व्याप्त छ। दलित महिला सहभागिताको दृष्टिकोणबाट विश्लेषण गर्दा स्थानीय तहमा अनिवार्य सहभागिताको कानुन बन्नु, राज्यका विभिन्न निकायहरूमा क्रमशः सहभागिता वृद्धि हुनु, नेतृत्व तहमा केही मात्रामा विकास हुनु सकारात्मक पक्ष रहेका छन्।

व्यवस्थापिका, कार्यपालिका र स्थानीय तहमा दलित महिला सहभागिताको तथ्याङ्कलाई केलाउँदा सहभागिता क्रमशः बढ्नुपर्नेमा घटबढ भएको देखिन्छ। प्रतिनिधिसभा निर्वाचन २०७९ मा महिलाको उम्मेदवारी र विजयी स्थिति तथा दलित महिलाको उम्मेदवारी र विजयीको स्थितिलाई तुलनात्मक रूपमा विश्लेषण गरी संश्लेषण गर्दा कुल महिलाको उम्मेदवारी ५३ जनामा जम्मा १ जना (१.८९%) उम्मेदवारी दिनु र विजयी परिणाम शून्य हुनुले पनि दलित महिला सहभागिताका सवालमा सिङ्गो राज्यसत्ता र राजनीतिक दलहरू कति धेरै अनुत्तरदायी र उदासिन छन् भन्ने देखाउँछ। यसो हुनुमा राज्यले संविधान बमोजिमको कानुन बनाउन नसक्नु, बनेका कानुनहरूको पनि प्रभावकारी कार्यान्वयन हुन नसक्नु, राजनीतिक दलहरू पनि आफ्नो दलको घोषित विधान र घोषणापत्रलाई कागजमा मात्रै सीमित गर्नु आदि कारणले गर्दा पनि सहभागिता कमजोर हुन गएको हो। अतः राज्यका सबै निकाय र क्षेत्र तथा तहहरूमा दलित र दलित महिलाको सहभागिता वृद्धिका लागि राज्यले संविधान र कानुनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ। राजनीतिक दलले आवधिक निर्वाचनको माध्यमबाट शासन सञ्चालन गर्ने हुनाले संविधानको दलसम्बन्धि व्यवस्थामा भएको समानुपातिक समावेशी सिद्धान्तका आधारमा सबै तहको कमिटीहरूमा दलितलगायतका समुदायलाई नेतृत्वदेखि कार्यसमितिसम्म अनिवार्य सहभागिता गर्ने कानुनी व्यवस्था गर्नुपर्छ। त्यस्तै अन्तरमहिलासम्बन्धी दृष्टिकोणबाट हेर्दा जातजाति, वर्ग, भौगोलिक विभेदजस्ता असमान अवस्थाबाट प्रभावित रहेका उत्पीडित समुदायलाई विशेष नीतिद्वारा विकास गर्ने नीतिको पनि अवलम्बन गरिनुपर्दछ। त्यसैगरी दलित महिलाको क्षमता विकास, नेतृत्व विकास, सिपमूलक तालिम, राजनीतिक सहभागितासम्बन्धी दीर्घकालीन र रणनीतिक योजनाहरू पनि बनाउन आवश्यक रहेको देखिन्छ। त्यसैगरी राजनीतिक क्षेत्रमा मात्रै नभएर सबै क्षेत्रमा दलित महिलालाई प्राथमिकतामा राखी सरकारले कानुनी, नीतिगत र कार्यक्रमिक योजनाहरू बनाउनुपर्ने देखिन्छ। राज्यले दलित महिलाको तेहेरो उत्पीडनको मर्मलाई आत्मसात गरी विशेष योजना तथा कार्यक्रममा प्राथमिकता क्रममा राखेर मात्रै दलित महिलाको राजनीतिक सहभागितामा बढोत्तरी गर्न सकिन्छ।

## *सन्दर्भ सामाग्रीसूची*


आचार्य, बलराम (२०७४). *समाजशास्त्रीय सिद्धान्तहरू.* नेसनल बुक सेन्टर।

किसान, यामबहादुर। (२०७३०. *नेपालमा सकारात्मक उपाय र सामाजिक समावेशीकरण.* समता फाउण्डेशन।

तिम्सिना, मातृका (२०६३). *सङ्खुवासभा जिल्लामा छुवाछुत विरोधी आन्दोलन.* नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठान, रत्नमाया दलित साहित्य संरक्षण समिति।

थपलिया, विरेन्द्रप्रसाद (२०८०). 'नेपालमा आर्थिक र सामाजिक सांस्कृतिक अधिकारप्रतिको जबाफदेहिता'. शोधपत्र, विद्यावारिधि, त्रि.वि., मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत डिनको कार्यालय, कीर्तिपुर, ।

दर्नाल, लक्ष्मण (२०७३). *संविधानसभामा दलित मुद्दा, सङ्घर्ष र उपलब्धि.* समता फाउन्डेसन।

दर्नाल, लक्ष्मण (२०७९). *दलित समुदायको राजनीतिक प्रतिनिधित्व.* समानता मिडिया फाउन्डेसन प्रा.लि।

नेपाल सरकार (२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति।

परियार, तिलक (२०७०). *दलन विरुद्ध प्रतिरोध.* (स.राजेन्द्र महर्जन र याम किसान). समता फाउन्डेसन।

पाण्डे, विन्दा (२०७६). *समानताका पाइलाहरू.* फाइनप्रिन्ट बुक्स प्रा.लि.।

रेणु सिजापती (२०७४). *मार्गदर्शन.* (वर्ष २३, अंक ०१, पुस—फागुन). (सं.) दलित महिला सङ्घ।

रम्तेल, परशुराम (२०२३). *नेपाली राजनीतिमा दलित समावेशीकरण.* डीएमसी जरनल, रिसर्च म्यानेजमेन्ट सेल, दिक्तेल क्याम्पस।

रम्तेल, परशुराम (२०८०). 'नेपालका प्रमुख राजनीतिक दलभित्र दलित सहभागिता : एक आलोचनात्मक अध्ययन'. (अप्रकाशित एमफिल–पिएचडी शोधपत्र). त्रिभुवन विश्वविद्यालय।

समता नीति पत्र १०। (२०७७). *सङ्घ, प्रदेश र स्थानीय तह निर्वाचनमा दलित.* समता फाउन्डेसन।

समता नीति पत्र १२. (२०७९). *सङ्घ, प्रदेश र स्थानीय तह निर्वाचनमा दलित.* समता फाउन्डेसन।

समिक्षा रिपोर्ट, फेडो (२०७८). *नेपालमा दिगो विकास लक्ष्यको कार्यान्वयनको अवस्था र दलित महिला : एक समीक्षा.* दलित महिला सङ्घ (फेडो)।

सोव, दुर्गा (२०८२). 'दलित महिला आन्दोलनमा दलित महिलाको योगदान र उपलब्धि'. *समावेशी सवाल.* चौमासिक।

Weiner, Myron. (1966). *Political Participation and Political Development in Myron Weiner.* (Ed.) Modernization: The Dynamics of Growth, Forum Lecturers.

Rampton, M. (2015). *Four waves of feminism.* Center for Gender Equility Pacific University.